

# यू.एम.एन. वार्षिक प्रतिवेदन, मुगु

## २०७८/२०७९

रूपान्तरित नेपाली समाजमा
सबैलाई प्रशस्तताको जीवन



## "आयआर्जनले बाँच्ने आधार बनायो

– देउरुपा लुवार

मेरो नाम देउरुपा लुवार हो । म अहिले ५० वर्ष वर्षकी भए । मेरो घर कर्णाली प्रदेश मुगु जिल्ला सोरु गाउँपालिका वडा नं. ९ तलकालैमा पर्छ । मेरो २० बर्ष देखि देब्रे हात र देब्रे खुट्टा हल्का मात्र चल्ने भएकोले म अपाङ्गता अवस्थामा छु । मेरो पाखो जग्गा एकदम थोरै छ जसले वर्षभरी खान पुग्दैन र खेति गर्नको लागि घरमा काम गर्न सक्ने कोहि छैन । मेरो घरमा ज्याला मजदुरी गर्न सक्ने श्रीमान मात्र हुनुहुन्थ्यो । मेरो श्रीमानको पनि ६५ वर्षको उमेरमा २०७८ साल मंसिर महिनाको ५ गतेका दिनमा वित्नुभयो । त्यस पछि मेरो सहारा कोहि भएन र दैनिक ज्याला मजदुरी गरेर खाने हाम्रो परिवार अब कमाएर ल्याउने पनि कोहि भएन । मलाई बाच्नको लागि निकै नै गाह्रो भएको थियो । हाल मेरो घरमा एउटा १६ बर्षको छोरा र म मात्र छौं । छोरीहरू विवाह गरेर गईसकेका छन् ।

यस यूनाईटेड मिसन टु नेपाल मुगु क्लष्टर र ग्रामीण सामुदायिक संस्था जि.एस.एस. मुगुको संयुक्त साझेदारितामा सञ्चालित "अपाङ्गता अधिकार तथा शिक्षा सुदृढीकरण" परियोजना अन्तर्गत तलकालैमा पनि अपाङ्ग समूह गठन भएको थियो । म पनि त्यो समूहको एक सदस्य हु र वैठकहरूमा भाग लिने गरेको छु । समूहमा अपाङ्गता अधिकार, सेवा सुविधा, उपचार, बचत जस्ता विषयहरूमा नियमित छलफल गर्दछौ । त्यसैगरी संस्थाले अपाङ्गता भएका व्यक्तिहरूलाई आयआर्जनमा सहयोगको लागि मलाई छनौट गऱ्यो । त्यस पश्चात मैले खरायो पालन गर्ने निर्णय गरे । मैले खरायो पालनको लागि रु १९५०० आर्थिक सहयोग पाई १७ वटा माऊ खरायो र २ वटा भाले खरायो गरि जम्मा १९ वटा खरायो खरिद गरेको थिएँ ।

खरायो पालन मेरो लागि निकै राम्रो भएको छ किनकी मैले ज्यालादारी र अन्य काम गर्न सक्दैन । खरायो पालनवाट मेरो नियमित आम्दानी भइरहेको छ । यसले मेरो घर खर्च गरी बचत समेत गर्न सक्ने भएको छु । हाल मैले प्रत्येक महिनामा एउटा खरायोको रु १००० को दरले दुई देखि तिन वटा खरायो बेच्ने गरेको छु । यो व्यबसाय सुरुवात गरेको १ वर्ष पुरा भयो । आज सम्म यो व्यवसायबाट भएको आम्दानी रु ३५००० छायाँनाथ लघुवित्त सहकारी संस्थामा बचत गरेकी छु । अब मेरो घरमा खरायो १८ वटा ठुला र ४ वटा साना खरायो रहेका छन् । समाजले मेरो यो दयनीय र अपाङ्गता अवस्था देखेर अब यसले के गरेर खान्छ, छोरालाई कसरी पढाउँछ ? कसरी पालनपोषण गर्छ भन्ने गर्थे तर मेरो यो व्यबसायले गर्दा मैले घरको खर्च र व्यवस्थापन गर्न सक्षम भएको छु । विगतका तिता बिर्सेर अहिले यहि खरायोहरूसंग समय बिताईरहेकी छु । यसले गर्दा मेरा दु:ख पिडा भुलाउने गरेको छ र आर्थिक वृद्धि गराएको छ । श्रीमान बितेपछी मेरो मन भुलाउने बाटो थिएन । अहिले म यहि खरायो हेरेर, स्याहार सुसार गरेर मेरो सुखमय र खुसिसाथ समय बिताईरहेको छु, मेरो साथी भने पनि, श्रीमान भने पनि, छोरा छोरी भने पनि यहि खरायो भएको छ । मलाई खरायो रेखदेख गर्न आनन्द आउँछ । यसको आयआर्जनले गर्दा मेरो जीविकोपार्जनमा सुधार आएको छ । खुसि र शान्ति छाएको छ र बाँच्ने आधार बनाएको छ ।



**तेजिन्द्र सिंजाली**
क्लष्टर टीम लिडर
मुगु क्लष्टर




सम्पूर्ण विश्व दोश्रो चरणको कोरोना महामारीसंग जुध्दै गर्दा यू.एम.एन. मुगु क्लष्टरले पनि नेपालको मुगु जिल्लामा कोरोना प्रतिकार्यमा स्थानीय सरकारहरूसंग हातेमालो गर्दै तथा विकासका नियमित कार्यक्रमहरू आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन गऱ्यो । सञ्चालित कार्यक्रमहरू मुख्य गरी गुणस्तरीय शिक्षा, आधारभुत स्वास्थ्य व्यवस्थापन, विपद जोखिम न्यूनीकरण, कोरोना प्रतिकार्य, अपाङ्गता भएका बालबालिकाहरूको उपचार, दलित छात्रावृतिमा केन्द्रित रहेका थिए । स्थानीय शसक्तीकरण, एकीकृत कार्यक्रम, र कार्यक्रमलाई नतिजामुखी बनाउने कुरालाई केन्द्रमा राखी निर्माण गरिएको यू.एम.एन. मुगु क्लष्टरको रणनैतिक योजना २०२०-२५ मा आधारित भई मुख्य कार्यक्रमहरू जिल्लाको मुगुम कार्मारोङ र सोरु गाउँपालिकाहरूमा कार्यान्वयन गरिएका थिए ।

कार्यक्रमहरू स्थानीय साझेदार संस्थाहरू ग्रामीण सामुदायिक संस्था र करानी सामुदायिक विकास केन्द्र संग साझेदारी गरी सञ्चालित गरिएको थियो । सामुदायिक समूहहरू, विद्यालयहरू, स्वास्थ्य चौकिहरूसंगै समस्याहरूको मुल कारणहरू पत्ता लगाई सम्वोधन गर्नको लागि प्रयासहरू भएका थिए जसमा समुदायको अपनत्व र योगदान प्रशंसनीय थियो । त्यसैगरी, मुगुम कार्मारोङ र सोरु गाउँपालिकाहरूसंग समन्वय, र सहकार्यमा प्रभावकारी, उपलब्धिमुलक, र दीर्घकालिन कार्यहरू पनि सञ्चालन गरिएका थिए । यस वर्ष पनि कोरोना प्रतिकार्यको लागि जिल्ला स्थित सरकारी तथा गैरसरकारी निकायहरूसंग गरिएको संयुक्त कार्यहरूद्वारा थौरै हदसम्म समुदायहरूलाई सहयोग गरिएको थियो ।

यसरी कार्यक्रम सञ्चालनको क्रममा सहयोग पुऱ्याउने स्थानीय सरकारहरू, जिल्लामा कार्यरत सरकारी तथा अन्य गैरसरकारी निकायहरू, दातृ निकायहरू, सञ्चारकर्मीहरू, नागरिक समाज, लक्षित समुदायहरू, साझेदार संस्थाहरू यू.एम.एन.का साथीहरू लगायत सबै प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

### अपाङ्गता अधिकार तथा शिक्षा सुढृढीकरण परियोजना (DREAM)

अपाङ्गता अधिकार तथा शिक्षा सुढृढीकरण परियोजना सन् २०२० जुलाई देखि सन् २०२३ जुलाई सम्मको लागि सोरु गाउँपालिकाको वडा नं. १,२,३,४,५,६,७ र ९ मा सञ्चालन भईरहेको छ । यस परियोजनाले विशेष गरी गुणस्तरीय शिक्षा र अपाङ्गता अधिकारलाई सुढृढ गर्नको लागि यो परियोजना सञ्चालित छ । यो वर्ष २८ वटा विद्यालयहरूको कक्षा २ मा बसाई व्यवस्थापनमा कार्पेट, कुसन तथा भुई टेवल सहयोग गरिएको थियो । यसका साथै पुस्तक कुना, जुत्ता राख्ने ऱ्याक, स्वच्छ खानेपानीको लागि फिल्टर, कप, सेतोपाटी, र बालमैत्री सिकाई सामाग्री सहयोग गरिएको थियो । यसले बालबालिकाहरूलाई कक्षाकोठामा पढ्न, सिक्नको लागि सहज भएको छ जुन उनीहरूलाई सिकाई प्रति जागरुक गराउन तथा सिकाइमैत्री वातावरण निर्माणमा सहयोग पुगेको छ ।

त्यसैगरी यस परियोजनाद्वारा २६ वटा अपाङ्गता समूहहरू तथा १५ वटा बाल क्लवहरू गठन भएका छन् । ति समूह तथा क्लवहरूले अपाङ्गता अधिकार तथा पुर्नस्थापना, उपचार, बाल विवाह, बाल अधिकार जस्ता बिषयहरूमा छलफल चलाएका छन् । यस्ता कार्यहरूले समुदायमा अपाङ्गता भएको व्यक्तिलाई कलंकित शब्द प्रयोग गर्नमा कमि भएको र अपाङ्गता प्रति हेरिने दृष्टिकोण सकारात्मक भएको छ । अपाङ्गता भएको व्यक्तिहरू आफ्नो अधिकार प्रति सचेत भई अपाङ्गता परिचय पत्र, राज्यद्वारा पाउने सेवा सुविधाको लागि गाउँपालिका धाउन थालेको र उनीहरूको लागि रु ७५,००० बजेट छुट्याउन तथा २९ जनाले सहायक सामाग्री पाउन सफल भएका छन् ।

### अपाङ्गता भएको बालबालिकाहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन (CBIM)

मुगु जिल्लाको चारवटै पालिकामा सञ्चालित "अपांङ्गता भएको बालबालिकाहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन (CBIM)" परियोजना अन्तर्गत यस बर्ष जम्मा ४९ जना अपाङ्गता भएका बालबालिकाहरूको उपचार गरिएको थियो । यो परियोजना सन् २०२१ जुलाई देखि सन् २०२२ जुलाई सम्म यू.एम.एन., मुगुले ग्रामीण सामुदायिक संस्था मुगुसंगको साझेदारितामा शारीरिक अपाङ्गता भएका बालबालिकाहरूका उपचार गरी उनीहरूको जीवनस्तर सुधार तथा अधिकारको पहुँचमा वृद्धि गर्ने लक्ष्य रहेको छ । हाल उपचार गरिएका बालबालिकाहरू मध्य ४५ जना बालबालिकाहरू बिद्यालय गईरहेका छन् भने बाँकी दुई जना उमेर कम भएकोले र अरु दुई जना उपचाररत भएकोले बिद्यालय गएका छैन । यसले उनीहरूको दैनिक क्रियाकलापहरूमा तथा सिकाईमा वृद्धि भएको छ ।

### मिका परियोजना

मिका परियाजनाले मुगुम कार्मारोङ गाउँपालिकामा सबै १ देखि ९ वडा सम्म ३२ वटा समूहहरू गठन गरी परिचालन भएका छन । यसरी गठन भएका समूहहरूमा जम्मा ७९७ सदस्यहरू आवद्ध भएका छन । समूहमा समूह शसक्तीकरण प्रक्रियामार्फत समुदायका शिक्षा, स्वास्थ्य र सामाजिक सवालहरूमा समस्या तथा आवश्यकता पहिचान गरी सम्वोधनका लागि विभिन्न प्रयासहरू गरेका छन । यस वर्ष २४५ वटा समुदायका सवालहरू पहिचान भएका छन जसमा १३७ सवालहरूमा ९२ वटा कार्ययोजनाहरू निर्माण गरी समूहले ५६ वटा स्थानीय श्रोत साधन र समूहका सदस्यको सहयोगमा सम्पन्न भएका गरिएका छन भने ३६ वटा कार्ययोजनाहरू साझेदार संस्था, वडा कार्यालय, वनउपभोक्ता समिति र गाउँपालिकाको समन्वय सहकार्य र सहयोगमा सम्पन्न भएका छन ।

## प्रमुख उपलब्धीहरू

- **५२** अपाङ्गता भएका बालबालिकाहरूको उपचार
- **७२** सामुदायिक समूह परिचालन
- **३** लैंगिक मैत्री शौचालय निर्माण
- **१२७** बालबालिकाहरूलाई छात्रवृति सहयोग
- **२४** अपाङ्गता भएका व्यक्तिहरूका लागि शौचालय निर्माण
- **१०१** आयआर्जनमा सहयोग
- **१९** बाल क्लबलाई सहयोग
- **१** खानेपानी निर्माण
- **२६** अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामाग्री सहयोग
- **९** विपद् जोखिम न्यूनीकरणको लागि सहजकर्ता निर्माण
- **२८** विद्यालयलाई बालमैत्री सामाग्री सहयोग
- **१०** स्वास्थ्य संस्थाहरूलाई सहयोग
- **६** हात धुने धारा निर्माण
- **४७०** खाद्यान्न सहयोग
- **८** साना अल्पिकरणको पूर्वाधार निर्माण

सोरु गाउँपालिकामा १५ वटा समूह रहेका छन् । समूहमा रहेका ४५ सदस्यहरूलाई समूह कार्ययोजना अन्तरगत आयआर्जनको लागि बाखापालन र खुद्रा पसल सहयोग गरिएको थियो । हाल उनीहरूले समूहका ४१ सदस्यहरूलाई निशुल्क रुपमा दिएका छन् । त्यसका साथै समूहका सदस्यहरूले सरसफाई, घरेलु हिंसा, महिला हिंसा, बालविवाह, विद्यालय शिक्षाको विषयमा छलफल गरेका छन । समूहले मध्यपान कम गर्न र जुवा तास नखेल्नको लागि सचेतनामुलक कार्यहरू सञ्चालन गरेका छन । समुदायमा कुपर्था न्युनीकरण गर्ने अभियानमा समूहका सदस्यहरू सहभागी भएका छन ।

समुदायस्तरमा १५ वटा धान कुट्ने ओखल निर्माण गरिएको थियो जसले गर्दा समुदायका महिलाहरूलाई वर्षा र हिउँदको समयमा धान कुट्न सहज भएको छ, समुदायमा हुने झगडामा पनि कमी भएको छ। एक विद्यालयमा २ कोठे शौचालय, र अर्को विद्यालयमा ५० सेट वेन्च सहयोग गरिएको थियो । यसले विद्यालय बालबालिकाहरूलाई पठनपाठन गर्नमा सहज हुँदै आएको छ र सरसफाईमा सुधार आएको छ ।

## लिड परियोजना

मुगुम कार्मारोङ गाउँपालिकामा सञ्चालित लिड परियोजनाको उद्देश्य समुदायको अगुवाईमा विपदको जोखिम न्यूनीकरण गरी सुरक्षित समुदाय निर्माण गर्ने रहेको छ। यस परियोजनाले यो वर्ष ८ वटा जोखिमयुक्त स्थानहरूमा ग्याविन, सुरक्षित पर्खाल, सुरक्षित काठेपुल, जाली निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी २२ वटा सामुदायिक समूहहरूले खानेपानी मुहान सरसफाई, बाटोघाटो सरसफाई, साना साना काठेपुल निर्माण, समूहमा विपद सम्वन्धि छलफल भइरहेको छ ।

## दलित छात्रा छात्रवृति परियोजना

दलित छात्रा छात्रवृति परियोजना मुगुको चार वटै पालिकाहरूमा सञ्चालित छ । यस वर्ष ४९ जना दलित छात्राहरूलाई छात्रवृति उपलव्धिलाई गराइएको थियो । जस अन्तर्गत ८ जना प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि सहयोग भएको थियो भने वाकी कक्षा ७ देखि स्नातक तहसम्मको विद्यार्थीहरूलाई सहयोग गरिएको थियो ।

## बहुभाषिक शिक्षा परियोजना

बहुभाषिक शिक्षा परियोजना सोरु गाउँपालिकाको वडा नं. ८, ९, र १० र मुगुम कार्मारोङको वडा नं.२, ३, ४, ५, ६, ७द र ८ मा यो वर्ष देखि सञ्चालन भएको ४ वर्षे परियोजना छ । यो परियोजना अन्तर्गत सोरु गाउँपालिकाको ११ विद्यालयहरूका ११ जना शिक्षकहरूलाई क्रियाकलापमा आधारित शिक्षण सिकाई सम्वन्धि ५ दिने तालिम प्रदान गरिएको थियो ।

## सुरक्षा परियोजना

कोभिड प्रतिकार्य परियोजना जिल्लाको सबै गाउँपालिकामा कोभिडवाट परेको असरलाई कम गर्न समदाय र स्थानीय स्वास्थ्य संस्थाद्वारा सेवा दिऊन भन्ने थियो । गाउँपालिकाहरूसंगको समन्वयमा यस कार्यक्रमवाट ३२५ घरधुरीहरूलाई खाद्यान्न सहयोग गरिएको थियो भने १४५ घरधुरी (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू) लाई आपतकालित राहतको रुपमा खाद्यान्न वितरण गरिएको थियो । यसैगरी ५० जना घरधुरीहरूलाई आय आर्जनमा सहायता गरिएको थियो ।

यो वर्ष चार वटै पालिकाको २१ स्वास्थ्य संस्थाहरूलाई स्वास्थ्य सम्वन्धि औजार, उपकरण तथा सामाग्री प्रदान गरिएको थियो यसले स्वास्थ्य संस्थाहरूद्वारा दिइने स्वास्थ्य सेवालाई सहज वनाएको छ । यस परियोजना मार्फत कुल १८८० जना लाभान्वित भएका थिए ।




## गतिविधि



खानेपानीको पाईपलाइन जडान कार्य



अन्तर्राष्ट्रिय महिला दिवसमा सहभागीता



सामाजिक लेखापरीक्षणमा सहभागिता



सामुदायिक समूह बैठक बस्दै ।

## स्थानीय तहको सरकारसँग सहकार्य गरी गरिएको कामहरू

| |
|---|
| यू.एम.एन. ⁄ के.सि.डि.सी.को प्राविधिक तथा आर्थिक सहयोगमा कक्षा २ को पाठ्यपुस्तकहरू (दुई विषयहरूः मेरो गणित तथा मेरो सामाजिक) स्थानीय कार्मारोङ भाषामा अनुवाद भएको छ जसवाट स्थानीय भाषा बोल्ने विद्यार्थी र शिक्षकको लागि पठनपाठनमा सहयोग भएको छ । यसले विद्यार्थीहरूको सिकाईमा सहयोग पुग्ने भएको छ । |
| मुगुम कार्मारोङ गाउँपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना र स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माणमा प्राविधिक तथा आर्थिक सहयोग भएको छ । |
| यू.एम.एन. ⁄ जि.एस.एस.र सोरु गाँऊपालिकाको सहकार्यमा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको लागि प्राविधिक तथा आर्थिक सहयोग भएको छ । |

**साझेदार संस्थाः**

ग्रामीण सामुदायिक संस्था (जी.एस.एस.)

करानी सामुदायिक विकास केन्द्र (के.सी.डी.सी.)

**तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।**

**हामीलाई सुझाव पेटिकामा सुझाव पत्र, ईमेल, कुराकानी वा फोन मध्ये कुनै पनि माध्यमवाट दिन सक्नु हुन्छ ।**
**यू.एम.एन. केन्द्रीय कार्यालय, पोष्ट बक्स नं. १२६, काठमाडौं,**
**१६६००१२८११८ (निःशुल्क फोन नं.)**
**९८४७३८७०३०, ९८६३१४५०७३**
**feedback@umn.org.np**
**feedback.mg@umn.org.np**
**www.umn.org.np/feedback**

यू.एम.एन. मुगु क्लष्टर | छायानाथ रारा नगरपालिका–२, गमगढी मुगु
फोन नं. ८७ ४६००४३ | mugu@umn.org.np | www.umn.org.np